उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक पुस्तिका

बैठक संख्या -११७

आज मिति २०८२/०२/२८ गतेको दिन यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री माधवप्रसाद अर्यालज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो।

<u>उपस्थिति</u>

| क्र.स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री माधवप्रसाद अर्याल | अध्यक्ष | |
| २ | श्री चमेली गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री मार सिङ तामाङ | वडा अध्यक्ष | |
| ४ | श्री टुकु प्रसाद सुवेदी | वडा अध्यक्ष | |
| ५ | श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष | |
| ६ | श्री अमर बहादुर बुलुन | वडा अध्यक्ष | |
| ७ | श्री यमनाथ आचार्य | वडा अध्यक्ष | |
| ८ | श्री बुटी तामाङ | सदस्य | |
| ९ | श्री ज्ञानु विश्वकर्मा | सदस्य | |
| १० | श्री शान्ती माया तामाङ | सदस्य | |
| ११ | श्री पुतली विश्वकर्मा | सदस्य | |
| १२ | श्री पुर्ण बहादुर घले | सदस्य | |
| १३ | श्री राम बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री होमनाथ दाहाल | सचिव | |

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्या: ११७ मिति: २०८२/०२/२८

**प्रस्तावहरु:**

१) विद्यालय नक्साङ्कन प्रतिवेदनको सुझाव कार्यान्वयनका सम्बन्धमा।

२) स्थानीय पाठ्यपुस्तकका लेखक तथा विज्ञ सल्लाहकारहरुको पारिश्रमिक सम्बन्धमा।

**निर्णयहरु:**

१. यस गाउँपालिका भित्र रहेका विद्यालयहरुको नक्साङ्कनको कार्य सम्पन्न भईसकेको र उक्त सुझावहरुको मिति २०८२।०२।०५ गतेको शिक्षा समितिको निर्णय समेतलाई आधार मानी देहाय बमोजिम हुने गरी निर्णय गरियो।

क. सम्बन्धित समुदायमा पुन:विद्यार्थी भएमा विद्यालय पुनस्थापन गर्ने गरी हाललाई शून्य विद्यार्थी भएको देहायका विद्यालयहरुलाई नजिकैको विद्यालयमा समायोजन गर्ने,

- वडा नं. १ अन्तर्गतका श्री करुमन्याङ आ.वि., श्री कालिका प्रा वि र श्री भुमेदेवी प्रा.वि. लाई नजिकैको श्री तिरु आधारभुत विद्यालयमा समायोजन गर्ने,
- वडा नं १ अन्तर्गतकै श्री बाल उदय प्रा.वि. लाई चिप्लेटी आधारभुत विद्यायमा समायोजन गर्ने
- वडा नं ५ को अन्तर्गतको श्री अमरज्योती आ.वि. लाई सोही वडाको श्री निलकण्ठ मा.वि. मा समायोजन गर्ने

ख. शून्य विद्यार्थी भएका विद्यालयका शिक्षकहरुलाई हाल जुन जुन विद्यायमा कामकाज गरिरहनु भएको छ सोही विद्यालयमा पदस्थापन गर्ने

ग. न्यून विद्यार्थी भएका अन्य विद्यालयहरुको हकमा वडा समिति, विद्यालय व्यवस्थापन समितिले स्थानीय समुदायमा छलफल गरी आवश्यक निर्णय भए बमोजिम शिक्षा समितिबाट निर्णय गराई कार्यान्वयन गर्ने

२. स्थानीय पाठ्यपुस्तकका विज्ञ सल्लाहकारहरुको पारिश्रमिक सार्वजनिक खरिद ऐन र नियमावलीमा परामर्श सेवा खरिद सम्बन्धी व्यवस्था बमोजिम कार्य अगाडी बढाउने र पाठ्यपुस्तक लेखकको पारिश्रमिकको हकमा लेखकले लेखेको प्रति पाठ संख्या रु.२००० (करकट्टी सहित) उपलब्ध गराउने निर्णय गरियो।

होमनाथ दाहाल
प्रशासकीय अधिकृत